मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

०११४१२११२
११४१२११३
११४१२११४

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या: ०८२/८३
चलानी नं.

मिति: २०८२/०४/१५
नेपाल सम्वत् ११४५

सूचना ! सूचना !! सूचना !!!

**विषयः राष्ट्रिय परिचय-पत्रका लागि फोटो सहितको विवरण संकलन गर्ने सम्बन्धि सूचना ।**

यस नगरपालिकाको कार्यालयबाट मिति २०८२ श्रावण १४ गते देखि राष्ट्रिय परिचय-पत्र बनाउनका निमित्त फोटो र फिंगर प्रिन्ट सहितको विवरण संकलन गर्ने कार्य शुरुवात गरिएकोमा प्रथम चरणमा सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक तथा असक्त अपाङ्ग व्यक्तिहरुको लाभग्राही खाता नविकरण गर्ने कार्यका लागि पहिलो प्राथमिकता हुने गरि विवरण संकलन कार्य शुरु गरिएकोमा सबै नागरिकहरु परिचय-पत्रका लागि विवरण दिन उपस्थित हुनुभएकोले जेष्ठ नागरिक तथा असक्त अपाङ्गहरुको तत्काल परिचय पत्र बनाउन विवरण संकलन गर्ने कार्यमा ढिलाई हुन गएको हुँदा प्रथम चरणमा सबै वडाहरुबाट ज्येष्ठ नागरिक तथा असक्त अपाङ्ग व्यक्तिहरुको विवरण संकलन गर्ने कार्य समाप्त भए पश्चात मात्र अन्य नागरिकहरुको विवरण दोस्रो चरणमा संकलन गरिने भएकोले हाल ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक र असक्त अपाङ्गहरुको मात्र विवरण संकलन गरिने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै वडा नं ७, ८ र ९ का ज्येष्ठ नागरिक तथा असक्त अपाङ्गहरुको विवरण संकलन गर्ने कार्य १६ गते भित्र नसकिने भएकोले पुनः ३ दिन अर्थात १८ , १९ र २० गते सम्मका लागि समय थपिएको व्यहोरा यसै मार्फत सूचित गरिन्छ । अन्य वडाहरुको लागि समय तालिका सहित पुनः सूचना गरिनेछ ।

*पुनश्चः ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक तथा असक्त अपाङ्ग व्यक्तिहरुको विवरण प्रत्येक वडाबाट संकलन गर्ने कार्य समाप्त भए पश्चात मात्र पुनः सूचना गरी अरु सबै नागरिकहरुको विवरण संकलन गर्ने कार्य शुरुवात गरिनेछ ।*

२०८२/०४/१५
निमित्त प्रमुख प्रशासकीय अधिकृत